लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल


प.सं. :- ०७९/०८०
च.नं. :-

## रोजगार सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना !!!

**(प्रथम पटक प्रकाशित मितिः २०७९।०४।१७)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अन्तर्गत यस गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि रोजगार सहायक पद करारमा पदपुर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको १५ दिन भित्र माग वमोजिम तोकिएको विवरण, राजस्व तिरेको रसिद र तोकिएको ढाँचामा निवेदन सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| ०१ | ०१-०७९।८० | रोजगार सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. **आवश्यक न्युनतम योग्यता र अनुभवः**
   क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणतापत्र तह वा सो सरह उत्तीर्ण गरेको।
   ख) दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।
   ग) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तिमा ३ महिना तालिम लिएको।
२. **दरखास्त दिने स्थानः** लिखु पिके गाउँपालिकाको कार्यालय।
३. **दरखास्त दिने अन्तिम मितिः** सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र।
४. **आवेदन दस्तुरः** रु ५००।- दस्तुर रकम लिखु पिके गाउँपालिका कार्यालय वा गाउँपालिकाको सिटिजन बैङ्क शाखामा रहेको आन्तरिक राजश्व खाता *(LIKHU PIKEY GA. PA. ANTARIK RAJASWA KHATA)* नं. ०७२०१०००००००१२०२ मा जम्मा गरि त्यसको भौचर पेश गर्नुपर्नेछ।
५. **छनौटको किसिमः** प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन, लिखित परीक्षा र प्रयोगात्मक परीक्षा ।
६. **आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुः** आवेदक स्वयमले प्रमाणीत गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिः
   क) नेपाली नागरिकताको प्रतिलिपि
   ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र प्रतिलिपि
   ग) चारित्रिक प्रमाणपत्र प्रतिलिपि
   घ) कामसँग सम्वन्धित अनुभव भए सोको कागजात
   ङ) तालिमको प्रमाणपत्र
   च) २ प्रति पासपोर्ट साईजको फोटो
७. **सेवा सुविधाः** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सेवा पदपुर्ति सम्बन्धि प्रक्रियाको दफा (११), (१२), र (१३) बमोजिम हुनेछ।
८. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगाएत पदपुर्ति सम्बन्धि अन्य जानकारी यस गाउँपालिकाको वेभसाईट www.likhupikemun.gov.np र प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाईट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ।

रमेश कुमार कार्की
नि. प्रमुख प्रशासकीय अधिकृत

**पुनश्चः कार्यालय समयमा उपस्थित हुन नसकेको खण्डमा तोकिएको ढाँचामा निवेदन, राजश्व तिरेको रसिद लगाएत अन्य आवश्यक कागजातहरु सहित कार्यालयको ईमेल ठेगाना likhupikerm@gmail.com मा समेत पठाउन सकिनेछ।**

**बोधार्थः**
**श्री सूचना तथा प्रविधि शाखा, लिखु पिके गाउँपालिका,**
**(सूचना र आवेदन फारामको ढाँचा यस गाउँपालिकाको वेभसाईट तथा फेसबुक पेजमा अपलोड गरिदिनु हुन।)**